# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८/क.प्र.
च.नं.:

## उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः- २०७७/०८/०५)

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ मा यस तिलोत्तमा नगरपालिका अन्तर्गत गरिबी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम संचालनको लागि तपशिल बमोजिमको कर्मचारी सेवा करारामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०४/०७७-०७८ | उद्यम विकास सहजकर्ता | पाँचौ | १ | पाँचौ तहको आवेदन नपरेमा चौथो तहको २ जना राख्न सकिने छ। |
| २ | ०५/०७७-०७८ | उद्यम विकास सहजकर्ता | चौथो | १ | |

**१. आवश्यक न्यूनतम योग्यताः-**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परिक्षण चौथो तहका लागि तह २ र पाँचौ तहका लागि तह ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (TSLC) उत्तीर्ण गरेको

**२. दरखास्त दिने स्थानः-** तिलोत्तमा नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, रुपन्देही।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०७७/०८/१९ गते कार्यालय समय भित्र।

**४. आवेदन दस्तुरः-** पाँचौको लागि रु. ७००/- र चौथोको लागि रु. ५००/- (यस कार्यालयको NIC ASIA BANK LTD. मणिग्राम शाखामा रहेको बैंक खाता नं. १०५२०५५४९९५९९०१२ मा रकम जम्मा गरी भौचर संलग्न गर्नुपर्नेछ।)

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन गरी अन्तर्वार्ता लिइने।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंमले प्रमाणित गरेको नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, उद्यम विकास सहजकर्ताको प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजतहरुको प्रतिलिपि, ३ प्रति पासपोर्ट आकारको फोटो।

**७. सेवा सुविधाः** गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम।

दरखास्त फाराम कार्यालयको वेभसाईट *www.tilottamamun.gov.np* बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत